**सत्य निरुपण तथा मेलमिलाप आयोगको**

# मौजुदा सूचीमा दर्ता हुने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४।०३।१०

यस आयोगको लागि आर्थिक वर्ष २०७४।७५मा आवश्यक पर्ने तपशिल बमोजिमका विभिन्न मालसामान, निर्माण कार्य वा सेवाकार्य खरिद/आपूर्ति गर्न गराउनको लागि इच्छुक इजाजत प्राप्त दर्तावाला व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची (Standing List) दर्ताको लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु.१० को टिकट टाँसी कुन विषयको सूचीकृत हुने हो स्पष्ट किटान गरी **नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. २०७२।०७३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराइ** निवेदन साथ संलग्न राखी यस आयोगको खरिद इकाईमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. स्टेशनरी मालसामानहरु (मसलन्द तथा विविध) ।
२. आयोगसँग सम्बन्धित विभिन्न छपाई सम्बन्धी कार्य ।
३. काठ तथा स्टिलका फर्निचर तथा फर्निसिङ्ग आपूर्ति, मर्मत कार्य र भवन मर्मत कार्य ।
४. भवन तथा अन्य निर्माण सम्बन्धी कार्य ।
५. कम्प्यूटर प्रिन्टर, फोटोकपी मेसिन, यूपिएस, एयर कण्डिसन, फ्याक्स मेसिन, स्क्यानर मेसिन आदि मेसिनरी तथा इलेक्ट्रिक सामान मर्मत तथा आपूर्ति ।
६. सवारीसाधन (मिनिवस, कार, जीप, भ्यान, मोटरसाइकल आदि) को पार्टपुर्जा आपूर्ति तथा तिनको मर्मत सम्बन्धी कार्य ।
७. विज्ञापन, सूचना प्रकाशन प्रसारण सेवा ।
८. टेलिफोन, नेटवर्क, इन्टरनेट, वेभसाइड निर्माण इलेक्ट्रिकलाइन मर्मत तथा विस्तार सेवा ।
९. कम्प्युटर तथा आई.टि.सेवा ।
१०. हवाइटिकट (स्वदेश तथा विदेश) आपूर्ति सम्बन्धी सेवा ।
११. चिठ्ठिपत्र, पार्सल ढुवानी सम्बन्धी (स्वदेश तथा विदेश) कुरियर सेवा ।
१२. पत्रपत्रिका आपूर्ति कार्य ।
१३. दैनिक पिउने पानी (जार) आपूर्ति सेवा ।
१४. परामर्श सेवा खरिद सम्बन्धी कार्य (कानूनी सेवा, प्राविधिक परामर्श सेवा, जनशक्ति विकास सम्बन्धि सेवा र तालीम आदि) ।
१५. शान्ति तथा मेलमिलाप प्रबर्द्धनका लागि प्रचार प्रसार सामग्री निर्माण तथा विद्युतीय माध्यमबाट आयोगसँग सम्बन्धी कार्यक्रमहरु प्रसारण सम्बन्धित कार्य ।
१६. सफ्टवेयर निर्माण सम्वन्धि कार्य ।
१७. सवारी साधन भाडा तथा ढुवानी सेवा ।
१८. सवारी साधन सम्बन्धी तालीम सेवा ।
१९. मोटरसाईकल/स्कूटर खरिद सम्बन्धी कार्य ।
२०. पुस्तक खरीद सम्बन्धी कार्य ।

**शर्तहरु :**

- माथि उल्लेखित मालसामान, निर्माण कार्य, सेवा मर्मत आदि प्रत्येक विषयगत छुट्टाछुट्टै निवेदन दिई सूची दर्ता गराउनु पर्नेछ । रीत नपुगी र म्याद नाघी आयोगमा प्राप्त भएका दरखास्तलाई मान्यता दिइने छैन । प्राप्त दरखास्त स्वीकृत गर्ने नगर्ने अधिकार यस आयोगमा सुरक्षित रहने छ ।
- एकभन्दा बढी प्रयोजनमा सूचीकृत हुन चाहनेले प्रत्येक कार्यको लागि छुट्टाछुट्टै निवेदन दिई सूची दर्ता गराउनु पर्नेछ ।
- सम्पर्कको लागि फ्याक्स ठेगाना, मोवाइल, टेलिफोन नं. सम्पर्क व्यक्तिको नाम, अनिवार्य रुपले निवेदनमा उल्लेख गर्नुपर्नेछ ।
- कुनै स्वदेशी तथा विदेशी संस्था वा कम्पनिको आधिकारिक विक्रेता वा आपूर्तिकर्ताको प्रमाण, विगतमा गरेको कामको अनुभवको प्रमाण भए निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।
- प्रचलित कानून बमोजिम अयोग्य नभएको, कालोसूचीमा नपरेको व्यहोरा फर्म कम्पनी स्वयंले घोषणा गरी निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।
- सूचीकृत हुन चाहने व्यक्ति, फर्म वा संस्थाहरुले सूचीकृत हुन चाहेको क्षेत्रमा कार्य गर्न आधिकारिक निकायको अनुमति वा अधिकार प्राप्त गरेको हुनपर्नेछ ।
- सूचिकृत भएका फर्महरु आयोगको सूचना पाटीमा प्रकाशन गरिनेछ ।
- यो सूची आर्थिक वर्ष ०७४।०७५ सम्मको लागि हुनेछ ।
  आवेदन दिने स्थान : सत्य निरुपण तथा मेलमिलाप आयोग, बबरमहल ।
  थप विवरण : www.trc.gov.np मा हेर्न सकिने, सम्पर्क नं.४२२३६०१

**सत्य निरुपण तथा मेलमिलाप आयोग**
**बबरमहल, काठमाडौं**